# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

श्री महेन्द्रनगर माध्यमिक विद्यालय, सूर्यपूरा रुपन्देहीमा प्राथमिक तहको अस्थायी शिक्षिकाका रुपमा कार्यरत कृष्णाकुमारी थापा(पुन) ले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी जागिर खाएको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, वाराणसी अन्तर्गतको किसान इन्टर कलेज, उस्काबजार भारतबाट हाईस्कुल तह उत्तीर्ण गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिइ लाभ समेत लिएको पुष्टि भएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता